**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय कमलादी तथा मुख्य कार्यालय, बबरमहल, काठमाडौंका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना।**

**(सूचना प्रकाशित मिति २०८३/०१/१७ गते बिहिबारको राजधानी राष्ट्रिय दैनिक)**

यस बैंक (साविक सेन्चुरी कमर्सियल बैंक लि.) समेतका तपसिलमा उल्लेखित ऋणीले बिभिन्न शिर्षक अन्तरगत लिएको ऋण कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तानको लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **प्रधान कार्यालय बबरमहल काठमाण्डौमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात् **मिति २०८३/०२/२८ गते बिहिबार** (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **प्रधान कार्यालय बबरमहल काठमाण्डौंमा** दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

**ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६९/०२/०१ गते दर्ता नं. ९३१९०/०६८/०६९ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, महाराजगंज काठमाण्डौबाट मिति २०६९/०२/१७ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६००५९१०२९ को प्रमाणपत्र प्राप्त **प्रभु मेनेजमेण्ट प्रा.लि.**।

**रजिष्टर्ड ठेगाना :** काठमाण्डौ जि. का.म.न.पा. वडा नं. २६ (साविक वडा नं. २९)।

| | |
|---|---|
| **सञ्चालक तथा जमानतकर्ता : कुसुम लामा**<br>(ना.प्र.नं. २७-६४९८/६२०७, जारी मिति २०४२/०६/३०, जि.प्र.का. काठमाण्डौ)।<br>ठेगाना : काठमाण्डौ जिल्ला काठमाण्डौ म.न.पा. वडा नं. २, बाबु : सर्बजित सिंह तामाङ।<br>बाजे : पौद सिंह लामा। | **सञ्चालक तथा जमानतकर्ता : श्रुतिका (तामाङ) लामा**<br>(ना.प्र.नं. ०२७-३८३६५/७६२३, जारी मिति २०६३/०५/०९, जि.प्र.का. काठमाण्डौ)। ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. २९ (साविक वडा नं. ३२)।<br>बाबु : मान बहादुर तामाङ । बाजे : पुडके तामाङ।<br>पति : सन्तोष कुमार लामा । ससुरा : तिर्थ बहादुर लामा। |

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. ऋणी प्रभु मेनेजमेण्ट प्रा.लि.को नाममा रहेको प्रभु महालक्ष्मी लाईफ ईन्स्योरेन्स लि.को ७,००,००० कित्ता संस्थापक शेयर सहित उक्त संस्थापक शेयर बापत प्राप्त हकप्रद तथा बोनश शेयर समेत गरी हाल कायम जम्मा ९,४९,६२०.६७ कित्ता संस्थापक शेयर .....१

२. ऋणी प्रभु मेनेजमेण्ट प्रा.लि.को स्थिर तथा चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन तथा ऋणी कम्पनीले उठाउन बाँकी रकम समेत.......१

**नोट :** धनी प्रभु बैंक लि.(साविक सेञ्चुरी कमर्सियल बैंक लि.) कायम भई ऋणी प्रभु मेनेजमेण्ट प्रा.लि. रहेको निम्न उल्लेखत सवारी साधन यस बैंकमा बुझाउनहुन अनुरोध गरिन्छ।

१. धनी प्रभु बैंक लि. (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी प्रभु मेनेजमेण्ट प्रा.लि. भई प्रदेश सरकार भौतिक पुर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था यातायात व्यवस्था कार्यालय साना/ठुला सवारी, बागमती प्रदेश, ललितपुरमा दर्ता भएको, ईन्जिन नं. SFG1TJ19758069, च्यासिस नं. MKFPLM4BILJ503830 बनाउने कम्पनी DFSK CO.LTD को सवारी नं. प्रदेश ३-०१-०२३ च ६६२९ नं. को प्राईभेट कार ..... १

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभागबाट समेत प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. सकारगरी लिन चाहेको संस्थापक शेयर के कती शेयर संख्या, के कति रकममा लिन चाहेको हो। सो को अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ। यदि अंक र अक्षरमा अस्पष्ट भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

४. बोलकबोल कर्ताले बोलपत्र आवेदन फारममा आफ्नो नाम, ठेगाना, टेलीफोन नम्बर, प्रभु महालक्ष्मी लाईफ ईन्स्योरेन्स लि.को साबिक शेयरधनी भएमा शेयरधनी नम्बर लगायत फारममा उल्लेखित सम्पूर्ण बिवरण स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ।

५. बोलपत्र पेश गर्नेहरु मध्ये प्रभु महालक्ष्मी लाईफ ईन्स्योरेन्स लि.का बिद्यमान संस्थापकहरुलाई प्रथम प्राथमिकता दिईनेछ, तर संस्थापकबाट आंशिक शेयर खरिद गर्न तथा अन्य बोलपत्रकर्ता भन्दा कम रकमको बोलपत्र पेश गरेमामात्र नयाँ लगानीकर्तालाई स्थान दिइनेछ। उक्त शेयर लिलाम खरिद गर्न नयाँ लगानीकर्ताले बिमा प्राधिकरणले तोकेको योग्यता परिक्षण (Fit and Proper Test) मा सफल भएको हुनु पर्नेछ। बोलकबोलकर्ताले नियमानुसार लगानी गर्ने रकमको स्रोत खुल्ने कागजात एवं संस्थाको हकमा पछिल्लो आ.व. को कर चूक्ता प्रमाणपत्र कर दाखिला निस्सा संलग्न गर्नुपर्ने छ। साथै, सम्बन्धित बोलपत्र कर्ता कर्जा सूचना केन्द्रको कालो सूचिमा नरहेको हुनुपर्नेछ।

६. बोलपत्र कर्ता नेपाली नागरिक, संस्था, फर्म वा कम्पनी हुनुपर्नेछ। बोलपत्रकर्ता ब्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संस्था/फर्म/कम्पनि भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर प्रमाणको प्रतिलिपि साथै अन्य आवश्यक काजगजातहरु आवेदन साथ संलग्न गरी पेश गर्नु पर्नेछ।

७. लिलाम हुने सम्पत्ति संस्थापक शेयर सम्बन्धी थप अन्य जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभागमा सम्पर्क राख्न सकिनेछ।

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x31